सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २११/२०७१/०७२

निर्णय नं. ७८४

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, २ नं. डिभिजन सडक कार्यालय, पोखरा, कास्की ......................................१ विपक्षी

सूचना अधिकारी, २ नं. डिभिजन सडक कार्यालय, पोखरा, कास्की ......................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले २ नं. डिभिजन सडक कार्यालय, पोखरा, कास्की समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०९।०३ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७१।०९।२४ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको मिति २०७१।०९।२४ च.नं.८४२ को पत्रबाट २ नं. डिभिजन सडक कार्यालय, पोखरा, कास्कीलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।